नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान
केन्द्रीय कार्यालय
नास्ट

मिति: २०७५ माघ ०६ गते

## अन्तरराष्ट्रिय जर्नलमा कृति प्रकाशन शूल्क व्यहोर्ने सम्बन्धी आवेदन दिने सूचना

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको वार्षिक स्वीकृत कार्यक्रम नं ३.३.८ **अन्तरराष्ट्रिय प्रकाशन तथा विज्ञानको उन्नयन** कार्यक्रमबाट नेपाली वैज्ञानिक/प्राविधिज्ञहरुबाट नेपालमा गरिएका अनुसन्धानहरुको अन्तरराष्ट्रिय ख्याति प्राप्त जर्नलमा प्रकाशन गर्दा लाग्ने शूल्क व्यहोर्ने कार्यक्रम रहेकोले तल उल्लेख भए अनुसारको व्यहोरा खुल्ने गरी **मिति २०७५ फागुन १२ गते भित्र** आवेदन दिन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## जर्नल शुल्क व्यहोर्ने आधारहरु

नेपाली वैज्ञानिक/प्राविधिज्ञहरुबाट नेपालमा नै रहेर गरिएका वा आंशिकरुपमा अन्तरराष्ट्रिय प्रयोगशालामा गरिएका अनुसन्धानका नतिजाहरु अन्तरराष्ट्रिय Peer Reviewed जर्नलमा प्रकाशन गर्दा लाग्ने शूल्क देहाय बमोजिमका आधार लिई उपलब्ध गराइनेछ ।

क) वैज्ञानिक एवं प्राविधिज्ञबाट अन्तरररराष्ट्रिय जर्नलमा कृति प्रकाशनका लागि लाग्ने शूल्क प्राप्त गर्न प्रतिष्ठानमा प्रकाशन गर्न लागेको कृतिको पाण्डुलिपि, जर्नलको नाम र इम्प्याक्ट फ्याक्टर, लेखक/हरुको सम्पर्क ठेगाना र कृति प्रकाशन गर्दा लाग्ने शूल्कबारेको आधिकारिक पत्र वा शूल्क बुझाई सकेको भए सोको भौचर आवेदनसाथ पेस गर्नु पर्नेछ ।

ख) आवेदन दिंदा कृति प्रकाशनका लागि सम्बन्धित प्रकाशकले प्रदान गरेको अन्तिम स्वीकृती पत्र पनि संलग्न गर्नु पर्नेछ ।

ग) अन्य व्यहोरा कार्यक्रमको कार्यविधिमा उल्लेख भए अनुसार हुनेछ ।

घ) प्रतिष्ठानले जर्नल शूल्क उपलब्ध गराए वापत प्रकाशित कृतिको सारांश नेपाली भाषामा तयार गरी प्रचार प्रसारका लागि प्रतिष्ठानलाई उपलब्ध गराउन पर्नेछ ।

रीत नपुगी आएका आवेदन उपर कुनै कारवाही नगरिने व्यहोरा पनि अनुरोध छ ।

ठेगाना : खुमलटार, ललितपुर, नेपाल, पोष्ट बक्स नं. ३३२३ काठमाडौं । E-mail: Info@nast.gov.np
फोन नं. +९७७-१-५५४७७१५, ५५४७७२०, ५५४७७२१, ५५५३१३२, फ्याक्स : ९७७-१-५५४७७१३

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान
केन्द्रीय कार्यालय
नास्ट

मितिः २०७५ माघ ०६ गते

## अन्तरराष्ट्रिय जर्नलमा कृति प्रकाशन पुरस्कारका लागि आवेदन दिने सम्बन्धी सूचना

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको वार्षिक स्वीकृत कार्यक्रम नं ३.३.८ **अन्तरराष्ट्रिय प्रकाशन तथा विज्ञानको उन्नयन** कार्यक्रमबाट अन्तरराष्ट्रिय ख्यातिप्राप्त वैज्ञानिक जर्नलमा नेपाली वैज्ञानिकहरुले नेपालमा बसेर गरेका अनुसन्धान वा आंशिकरुपमा अन्तरराष्ट्रिय प्रयोगशालामा गरिएका अनुसन्धानमा आधारित कृति प्रकाशित गरे वापत देहाय बमोजिमका आधारमा पुरस्कृत गरिँ भएको हुँदा तल उल्लेख भए अनुसारको व्यहोरा खुल्ने गरी **मिति २०७५ फागुन १२ गते भित्र** आवेदन दिन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ । पुरस्कारको लागि नमूना आवेदन फारम संलग्न ढाँचा बमोजिमको हुनेछ ।

### जर्नलमा कृति प्रकाशन गरे वापत पुरस्कृत गर्ने आधारहरु

क) मूल्याङ्कन समितिले जर्नलको इम्प्याकट फ्याक्टर, कृतिको मौलिकता एवं उत्कृष्टता, Doi/Citation आदिका आधारमा मूल्याङ्कन गर्नेछ ।

ख) Peer Review का सबै Correspondings, Comments र Response हरु पनि मूल्याङ्कनका आधार हुनेछन् ।

ग) प्रकाशित कृतिका लेखक एक भन्दा बढी भएमा दामासाहीले पुरस्कारको रकम प्रदान गरिनेछ ।

घ) पुरस्कारका लागि आवेदन दिंदा सन् २०१७ देखि यता प्रकाशित कृतिहरु मात्र समावेश गर्नु पर्नेछ ।

रीत नपुगी आएका आवेदन उपर कुनै कारवाही नगरिने व्यहोरा पनि अनुरोध छ ।

ठेगाना : खुमलटार, ललितपुर, नेपाल, पोष्ट बक्स नं. ३३२३ काठमाडौं । E-mail: Info@nast.gov.np
फोन नं. +९७७-१-५५४७७१५, ५५४७७२०, ५५४७७२१, ५५५३१३२, फ्याक्स : ९७७-१-५५४७७१३
जेठ २०७५

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान
केन्द्रीय कार्यालय
नास्ट

# Journal Article Publication Award
# Application Form

Applicant's Name:

Institution:

Contact Address:
(E-mail/Mobile)

Please mentioned name and contact address of all Co-Author's if applicable

1. Title of the Published Article:
2. Name of the Journal:
3. Publisher of the Journal:
4. Doi/Citation of the Journal (Page etc):
5. No of reviewer in peer review process:
6. Impact Factor of the Journal (SCI or Other)
7. Citation of the Article (List the Citations till the Application Registered)

---

Recommendation

Unit/Department Chief:

Date:

Note: Please attach a hard-copy of the published article